**बेनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बेनी, म्याग्दी**

# आर्थिक वर्ष २०८२।८३ को तेस्रो कार्यपालिका बैठकका निर्णयहरु

*(मिति: २०८२।०६।२४ गते)*

प्रस्तावहरुः

१. नमुना विद्यालय गुरुयोजना संशोधन सम्बन्धमा।

२. विद्यालय कर्मचारी नियुक्तिका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा।

३. विज्ञान विषय प्रवर्धनका लागि निर्मित विद्यालय विकास योजना संसोधन सहित स्वीकृत गर्ने सम्बन्धमा।

४. छुट सुविधामा राजश्व तिर्ने बुझाउने समयावधि थप गर्ने सम्बन्धमा।

५. थप स्रोत सुनिश्चितता सहित लागत अनुमान स्वीकृत गरी ठेक्का आव्हान गर्ने सम्बन्धमा।

६. बेनी पूलाचौर सडक योजनाको दायित्व भुक्तानी सम्बन्धमा।

निर्णयहरुः

१. यस नगरपालिका अन्तरगत नमूना विद्यालयको रुपमा सञ्चालित श्री जामुनाखर्क माध्यमिक विद्यालयको स्वीकृत गुरुयोजनामा आवश्यक संसोधन गर्नुपर्ने स्पष्ट आधार र कारण उल्लेख गरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय समेत भई नमुना विद्यालय गुरुयोजना संसोधन सहित वार्षिक कार्यान्वयन योजना २०८२ र शैक्षिक तथा व्यवस्थापकीय सुधार कार्यक्रम अनुदान प्रस्तावना २०८२ को संसोधन स्वीकृतिका लागि अनुरोध भई आएको र सो को औचित्य पुष्टि हुन आएमा सम्बन्धित स्थानीय तहले गुरुयोजना संसोधन गर्न सकिने व्यवस्था भएकोले पेश भए बमोजिमको नमूना विद्यालय संसोधन वार्षिक कार्यान्वयन योजना २०८२ र शैक्षिक तथा व्यवस्थापकीय अनुदान प्रस्तावना पत्र २०८२ लाइ स्वीकृत गर्ने।

२. श्री प्रकाश माध्यमिक विद्यालय बे.न.पा ७ मा कक्षा ११-१२ मा विज्ञान विषय प्रवर्धनका लागि अनुदान स्वरुप रु. ४५ लाख विनियोजन भइ आएको र विज्ञान विषय प्रवर्धनका लागि स्वीकृत भएको विद्यालय विकास योजनामा (SDP) दोस्रो वर्षका लागि प्रस्ताव गरिएको योजना कार्यक्रममा आवश्यक संसोधन गर्नुपर्ने स्पष्ट आधार र कारण उल्लेख गरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालय विकास योजन संसोधन सहित स्वीकृतिका लागि अनुरोध भइ आएकोले पेश भइ आएबमोजिमको विद्यालय विकास योजना संसोधन स्वीकृत गर्ने।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

३. श्री बालमन्दिर माध्यमिक विद्यालय बे.न.पा ८ कालिपुलले विद्यालय कर्मचारी नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित अनुमति माग गरेकोमा नगर शिक्षा समितिको मिति २०८२/५/४ गतेको निर्णय बमोजिम विद्यालुय कर्मचारी नियुक्तिका लागि अनुमति प्रदान गर्न कार्यपालिका समक्ष सिफारिस गरेकोमा शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ बमोजिम माध्यमिक विद्यालयमा विद्यालयको लेखा व्यवस्थापन तथा कार्यालय सञ्चालनका लागि विद्यालय कर्मचारी नियुक्ति गर्न सकिने व्यवस्था रहेकोले विद्यालय कर्मचारी नियुक्ति प्रक्रिया अगाडी बढाउनका लागि अनुमति प्रदान गर्ने ।

४. महालेखा नियन्त्रक कार्यालयले सञ्चालनमा ल्याएको सूत्र प्रणालीमा समस्या आएका कारण यस नगरपालिकाको राजश्व संकलन कार्यमा वाधा अवरोध सिर्जना भई आर्थिक ऐन, २०८२ बमोजिम करदातालाई प्रदान गरिएको छुट सुविधा प्राप्त गर्न कठिनाई भएको आम गुनासो रहेकोले ऐ. ऐनको दफा १६ ले नगर कार्यपालिकालाई प्रदान गरेको अधिकार बमोजिम हुने गरी असोज मसान्त सम्म प्रदान गरिएका छुट सुविधा प्राप्त गर्ने अवधिलाई मंसिर १५ गते सम्म कायम गर्न अवधि थप गर्ने र सोको व्यापक प्रचार प्रसार गरी राजस्व असूलीमा सुधार गर्दै लैजाने ।

५. चालु आर्थिक वर्षको योजना कार्यान्वयनलाई थप प्रभावकारी बनाई अधिकतम नतिजा हासिल गर्न देहायका योजनामा देहाय बमोजिम थप स्रोत सुनिश्चितता सहित लागत अनुमान तयार गरी ठेक्का आव्हान गर्ने ।

क) बेनी महारानीथान छापा डाडाखेत सडक योजनामा रु. १५ लाख ।

ख) बेनी पूलाचौर टोड्के सडक योजनामा रु. २० लाख ।

ग) गलेश्वर बजार सौन्दर्यकरण साझेदारी योजनामा नगगरपालिका र कोषबिच भएको छलफलका आधारमा तयार भएको प्राविधिक लागत अनुमानमा अपुग हुने रकम गलेश्वर शिवालय क्षेत्र विकास कोषबाट जम्मा हुने प्रतिबद्धता प्राप्त गरी ठेक्का प्रक्रिया अगाडी बढाउने ।

६. आर्थिक वर्ष २०८१/८२ मा सम्झौता भई कार्यसम्पन्न भएको अर्थुङ्गे पूलाचौर सडक योजनामा प्रचलित खरिद कानून बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाई योजना कार्यान्वयन गरिएकोमा सोबाट सिर्जना भएको प्राविधिक मूल्याङ्कन बमोजिमको दायित्व समपुरक कोषबाट भुक्तानी हुने गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने ।

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख